आज मिति २०७५ साल फागुन महिनाको १५ गते बुधबार बिहान ७:०० बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको २० औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँकार्यपालिका | |
| ४. | लालभक्त सिँह | सदस्य गाउँकार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँकार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| ७. | कर्ण कामी | सदस्य गाउँकार्यपालिका | |
| ८. | वसन्त शाही | सदस्य गाउँकार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँकार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँकार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँकार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँकार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँकार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँकार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँकार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँकार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सदस्य सचिव गा. का. पा. | |

**बैठक सचिवालयका कर्मचारीहरु**

प्रमुख प्रशासकीय अधिकृत

## प्रस्ताव तथा निर्णयहरु :

**प्रस्ताव नं. १ लिम्सा हानेसल्ला सडकको ल.ई.स्वीकृत गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १** यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका ईन्जिनियर प्रेम प्रकाश बढीले लिम्सा हानेसल्ला सडकको ट्र्याक ओपन गर्ने सम्बन्धमा पेश गरेको लागत अनुमान सम्बन्धी टिप्पणी अनुसार प्रमुख प्रशासकीय अधिकृत र श्रीमान अध्यक्ष ज्यूको सिफारिस अनुसार लिम्सा-हानेसल्ला सडक(Chainage 0+000-12+398) को नयाँ ट्र्याक खोल्ने कार्यको लागत अनुमान रु.५,३२५०६९१.४६।०० (अक्षेरुपी पाँच करोड पैतिस लाख साठी हजार छ सय एकानब्बे रुपैया र पैसा छयालिस मात्र ।) भ्याट र कन्टेन्जेन्सी सहितको लागत अनुमान यस कार्यपालिकाको बैठकले सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो । साथै उक्त कार्यको लागि नियमानुसार गाउँ कार्यपालिकाको कार्यालयले तत्काल खरिद प्रकृया अगाडि बढाउन अनुमति दिने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. २ सशर्त अनुदान तर्फको विद्यालयहरुको भवन तथा शौचालयहरु छनौट गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २** यस गाउँपालिकाको शिक्षा तर्फको सशर्त अनुदान तर्फ विद्यालयको शौचालयका लागि रु. १४,००,०००।००( अक्षेरुपी चौध लाख मात्र ।) र विद्यालय भवन निर्माण लागि २ वटा भवन प्रति भवन रु. १६,००,०००।०० का दरले रु. ३२,००,०००।००(अक्षेरुपी बत्तीस लाख मात्र ।) प्राप्त भएकोले उक्त शौचालय र भवनहरु स्थानीय माग र आवश्यकताका आधारमा गाउँपालिकाका ईन्जिनियरबाट डिजाईन, ईस्टीमेट गरी स्थानीय निर्माण सामाग्री प्रयोग गरी उक्त कार्यक्रमलाई सम्पन्न गर्ने देहाय बमोजिमका विद्यालयहरु छनौट गर्ने निर्णय गरियो ।

**विद्यालय भवन निर्माण तर्फ**

| क.स. | विद्यालयको नाम र ठेगाना | बजेट(रु.हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | हरिहर नि.मा.वि. सुवाकोट वडा नं. ७ बारेकोट । | १६०० | |
| २ | चन्द्र ज्योति प्रा.वि. बारेकोट ५ | १६०० | |

**शौचालय तर्फ**

| क.स | विद्यालयको नाम र ठेगाना | बजेट(रु.हजारमा) | कैफियत |
|---|---|---|---|
| १. | विद्यादेवी प्रा.वि. बारेकोट १ | २०० | |
| २. | जनता नि.मा.वि. बारेकोट २ | २०० | |
| ३. | दिपेन्द्र मा.वि. बारेकोट ३ | २०० | |
| ४. | हिमालय आ.वि. बारेकोट ४ | २०० | |
| ५. | सरस्वती प्रा.वि.धुम बारेकोट ६ | २०० | |
| ६. | धनु प्रा.वि. बारेकोट ८ | २०० | |
| ७. | पूर्ण ज्योति प्रा.वि. बारेकोट ९ | २०० | |

**प्रस्ताव नं. ३ पशुपंक्षी विकास उपशाखाले पेश गरेको प्रस्ताव सम्बन्धमा ।**

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि व्यापक छलफल गरी देहायका निर्णयहरु गरियो ।

३(क) यस गाउँपालिकाको पशुपंक्षी विकास उपशाखाले आ.व. २०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उक्त कार्यालयको कम्पाउण्ड घेरावार गर्ने प्रयोजनका लागि रु. ३ लाख विनियोजन भएकोमा तत्काल उक्त शाखाका लागि प्रयोगशाला निर्माण गर्नु पर्ने भएकोले कम्पाउण्ड घेरावारमा विनियोजन भएको बजेटलाई प्रयोगशाला निर्माणका लागि रकमान्तर गर्ने र उक्त कार्यका लागि पूर्वाधार विकास क्षेत्रको भैपरी बाँकी शिर्षकबाट थप रु. २ लाख विनियोजन गरी जम्मा बजेट रु. ५ लाख कायम गर्ने ।

३(ख) यस गाउँपालिकाको ९ वटै वडामा पशु रोगको महामारी तथा प्रकोप देखिएकोले तत्काल औषधी खरिद, व्यवस्थापन तथा ढुवानीका लागि पूर्वाधार विकास क्षेत्रको भैपरी बाँकी शिर्षकबाट रु १ लाख ८० हजार बजेट विनियोजन गर्ने ।

Generated by CamScanner

३(ग) उक्त शाखाको भवनको दक्षिणतर्फको भाग भत्केको र यसले गर्दा उक्त भवन समेत पहिरोमा पर्ने जोखिम वढेकोले उक्त भागमा पर्खाल निर्माण गर्नका लागि पूर्वाधार विकास क्षेत्रको भैपरी बाँकी शिर्षकवाट रु. ५० हजार वजेट विनियोजन गर्ने ।

**प्रस्ताव नं. ४ अपागंता परिचयपत्र वितरण सम्बन्धी कार्यविधि सम्बन्धमा ।**

**निर्णय नं. ४ :** संघीय सरकारबाट प्राप्त भएको अपागंता परिचयपत्र वितरण सम्बन्धी कार्यविधिलाई यस गाउँ कार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार परिमार्जन सहित छलफलका लागि सदस्यहरुलाई वितरण गरेको र उक्त कार्यविधि उपर यस कार्यपालिकाको बैठकले व्यापक छलफल गरी उक्त कार्यविधिलाई पारित गर्ने निर्णय गरियो । साथै तत्काल सम्पूर्ण वडाहरुमा व्यापक रुपमा पत्राचार गरी पुराना तथा नयाँ सबै प्रकारका अपागंता भएका व्यक्तिहरुको तथ्याकं सम्वन्धित वडा कार्यालयबाट संकलन गरी परिचय पत्र वितरणका लागि गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : प्रोफाईल स्वीकृत गरी प्रकाशन सम्बन्धमा ।**

**निर्णय नं. ५ :** वेस्टर्न नेपाल प्रा.लि.द्धारा अन्तिम रुप प्रदान गरेको यस गाउँपालिकाको प्रोफाईल व्यापक रुपमा यस बैठकमा छलफल भयो । उक्त प्रोफाईललाई स्वीकृत गरी प्रकाशन गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत